## १. सदस्यताको लागि आवश्यक न्यूनतम योग्यता :

निम्न लिखित न्यूनतम् योग्यता पुरा गरेका कानून व्यवसायीहरूलाईमात्र सर्वोच्च अदालत बार एशोसिएशनको सदस्यता प्रदान गरिनेछ ।

(क) कानूनको विषयमा मान्यता प्राप्त विश्वविद्यालयबाट न्यूनतम् स्नातक तह परिक्षा उत्तिर्ण गरेको,

(ख) अधिवक्ताको प्रमाणपत्र प्राप्त गरेको मितिले कम्तीमा दस वर्षसम्म कानून व्यवसायीको रुपमा कार्यरत रहेको

तर, माथि प्रावधानहरुमा जे जस्ता प्रावधान उल्लेख भएता पनि सर्वोच्च अदालतबाट वरिष्ठ अधिवक्ताको प्रमाणपत्र प्राप्त कानुन व्यवसायीहरू यस बार एशोसिएशनको सदस्यताको लागि योग्य मानिने छन् ।

२. यस बार एशोसिएशनको सदस्यताका लागि आवेदन गर्ने वरिष्ठ अधिवक्ता बाहेकका कानून व्यवसायीहरुले दफा १ मा उल्लेखित योग्यता पुरा गरेको पुष्टी हुने कागजात तथा प्रमाणपत्रहरूको अतिरिक्त आफु कानून व्यवसायीको रूपमा संलग्न रहि आएको पुष्टी हुने देहाय बमोजिम थप कागजातहरू आवेदनका साथ अनिवार्यरूपमा पेश गर्नुपर्ने छ ।

(क) सर्वोच्च अदालतमा आफु कानून व्यवसायीको रुपमा संलग्न भई मुद्दा मामिलामा बहस गरेको कुरा पुष्टी हुने कम्तीमा ३ वर्ष अधिको ५ वटा सहीत ७ वटा प्रमाणित फैसलाको प्रतिलिपीहरु वा

(ख) पुनरावेदन अदालतमा आफु कानून व्यवसायीको रुपमा संलग्न भई मुद्दा मामिलामा बहस गरेको कुरा पुष्टी हुने कम्तीमा ५ वर्ष अधिको ५ वटा सहित १० वटा प्रमाणित फैसलाको प्रतिलिपीहरू वा

(ग) जिल्ला अदालतमा आफु कानून व्यवसायीको रूपमा संलग्न भई मुद्दा मामिलामा बहस गरेको कुरा पुष्टी हुने कम्तीमा ७ वर्ष अधिको ७ वटा सहित १५ वटा प्रमाणित फैसलाको प्रतिलिपीहरु ।

३. माथि उपदफा २ (ख) र (ग) मा उल्लेखित फैसलाको प्रमाणित प्रतिलिपी पेश गर्ने कानून व्यवसायीहरूले सोको अतिरिक्त सर्वोच्च अदालतमा कानून व्यवसायीको हैसियतले बहस गरेको कुरा पुष्टी हुने कम्तीमा ५ वटा प्रमाणित फैसलाको प्रतिलिपीहरु समेत पेश गर्नुपर्ने छ ।

## ४. सदस्यता सम्बन्धि विशेष व्यवस्था

नेपाल राज्यसँग दौत्य सम्बन्ध कायम रहेका मित्र राष्ट्रहरूको कानून बमोजिम कानून व्यवसाय गर्न पाउने प्रमाणपत्र लिनका लागि लिइने परीक्षा उत्तिर्ण गरी कम्तीमा ७ वर्ष सम्बन्धित राष्ट्रमा कानून व्यवसाय गरेको र प्रचलित नेपाल कानून बमोजिम अधिवक्ताको प्रमाण पत्र समेत प्राप्त गरेको नेपाली नागरिक वा गैरआवासीय नेपालीलाई कार्यसमितिले उपयुक्त ठह-याएमा सदस्यता प्रदान गर्न सक्नेछ । यस दफा अन्तर्गत सदस्यताका लागि आवेदन गर्ने कानून व्यवसायीले सम्बन्धित राष्ट्रमा बहस गरेको प्रमाणित हुने ५ वटा फैसला र नेपालको सर्वोच्च अदालतमा बहस गरेको देखिने दुई वर्ष अगाडीको २ वटा प्रमाणित फैसला पेश गर्नुपर्ने छ ।